# संचारिका
## फिचर सेवा

वर्ष ११ अंक ८ मासिक साउन/भदौ August, 2008



- चन्दाआतङ्क र असुरक्षा — सलोजा दाहाल
- अव्यवस्थित निर्माण चुलिँदा : मर्दैछ पोखराको सुन्दरता — जमुना वर्षा शर्मा
- 'रोगले भन्दा भोकले छिट्टै मरिने भइयो' — लोग्शरी कुँवर
- मौलिक रणनीतिको खाँचो — हरिकला अधिकारी
- हामीलाई जस्तो अरूलाई नहोस् — देविका जीएम
- महिलाले भित्र्याए गाउँमा विकास — यशोदा तिम्सिना
- सुदूरपश्चिममा सौर्य ऊर्जा : उज्यालो भो जीवन — निमा काफ्ले





सञ्चारिका समूह/नेपाल

# चन्दाआतङ्क र असुरक्षा

**मध्यतराईका एकजना गाविससचिवले हाकाहाकी भने, 'विकास बजेटले समेत नपुग्ने गरी चन्दा मागेका छन्, कसरी गाउँ फर्कने ? अब केको विकास नि'**

**सलोजा दाहाल**

**विराटनगर**/ नयाँ आर्थिक वर्ष सुरु भइसक्यो तर पूर्वाञ्चलमा कार्यरत गाविससचिवहरू आफ्नो गाउँ जान नसकेर सदरमुकाममा दिन काट्दै छन् । तराईमा हिंसारत विभिन्न सशस्त्र समूहले चन्दा माग्दै ज्यान लिने धम्की दिएपछि सचिवहरू गाउँ फर्कने हिम्मत गरिरहेका छैनन् । सचिवहरू गाउँ नफर्केपछि गाविसका कामकाज ठप्प छन् । गाउँपरिषद् बैठकसमेत बस्न सकेको छैन । विभिन्न कामकाजका लागि जनताले गाविसबाट लिनुपर्ने सिफारिस पाएका छैनन् । गाउँपरिषद् बस्न नसकेको र परिषद् नै नबसेकाले कुनै योजना पनि पारित नभएपछि गाउँ विकासका लागि निकासा भएको अधिकांश बजेट त्यसै फ्रिज हुने पक्कापक्की छ ।

सप्तरीको पछिल्लो स्थिति यसको ताजा उदाहरण हो । नयाँ आर्थिक वर्ष सुरु भएको एक महिना बितिसक्दासम्म जिल्लामा कुनै विकास योजना तयार भएको छैन, जब कि आर्थिक वर्ष सुरु हुनुअगावै विकास योजना तय भइसक्नुपर्छ । यसले गर्दा विकासका काम ठप्पप्रायः छन् । नयाँ आर्थिक वर्ष सुरु हुनुअघि एकाध गाउँपरिषद् मात्रै बसे तर तिनले पारित गरेका योजना पनि कार्यान्वयन हुने अवस्था छैन । परिषद्बाट पारित योजना कार्यान्वयनका लागि बजेट निकासा गर्न सदरमुकाम आएका सीतापुर गाविसका सचिव महेश चौधरीले अब कहिल्यै गाउँ नफर्कने निर्णय गरिसकेका छन् । यस्तो निर्णय किन त ? चौधरी भन्छन्, 'विकास बजेटले समेत नपुग्ने गरी धम्की दिएर चन्दा मागेका छन्, कसरी फर्कने ?' सशस्त्र समूहले मागेको रकम नदिए अपहरण र ज्यान लिनेसम्मको धम्की दिएका छन् । धेरैजसो समय गाविसमै बस्ने गरेका सचिवमध्ये पर्ने चौधरी भन्छन्, 'ज्यानकै माया मारेर त जान सकिँदैन नि ।'

**बजेट नलिए विकास निर्माण रोकिन्छ, लिने हो भने आफ्नो र बालबच्चाको ज्यान जोगाउन सबै बजेट सशस्त्र समूहलाई चन्दा नदिई सुख छैन । त्यसैले चुपचाप सदरमुकाम बस्नुको विकल्प छैन ।**

स्थानीय स्वायत्त शासन ऐनमा गाविसले असोजदेखि मङ्सिरसम्ममा गाउँपरिषद्बाट कार्यक्रम स्वीकृत गराएर पुस महिनासम्ममा रकम निकासा लिइसक्नुपर्ने व्यवस्था छ । विकास बजेट निकासा नगरी पनि हुँदैन, गरिहाले त्यही रकम काल बन्ने खतरा पनि हुन्छ । चौधरी भन्छन्, 'बजेट नलिए विकास निर्माण रोकिन्छ, लिने हो भने आफ्नो र बालबच्चाको ज्यान जोगाउन सबै बजेट सशस्त्र समूहलाई चन्दा नदिई सुख छैन । त्यसैले चुपचाप सदरमुकाम बस्नुको विकल्प छैन ।'

कमलपुर गाविसका सचिव जगदर ठाकुरको नियति पनि यस्तै हो । उनलाई पनि विभिन्न सशस्त्र समूहले चन्दा मागिरहेका र नदिए ज्यानसमेत लिने धम्की दिँदै आएका छन् । भन्छन्, 'एउटै समूहले वर्षभरि पटकपटक चन्दा मागेर हैरान पार्छ, त्रासले काम गर्ने त परै जाओस्, ढुक्कले बस्न सक्ने अवस्था पनि हुँदैन ।'

तराईमा हिंसा मच्चाइरहेका तराई जनतान्त्रिक मुक्तिमोर्चा ज्वाला सिंह समूह, गोइत समूह, राजन समूहलगायतले टेलिफोन र चिठीमार्फत मोटो रकम चन्दा माग्ने गरेको गाविससचिवहरू बताउँछन् । गाउँपरिषद् सम्पन्न गराएका गाविससचिवहरू झन् बढी 'धराप'मा परेपछि कतिपय ज्यान जोगाउनका लागि गाउँपरिषद् नै नगर्ने निर्णयमा पुगेका छन् । सचिवहरूलाई सुरक्षा दिएर विकास निर्माणका काममा खटाउनुको साटो जिल्ला प्रशासन कार्यालयहरूले 'काम त्यस्तै हो, पहिले ज्यान जोगाउनू' भन्ने सल्लाह दिने गरेका छन् । सदरमुकाम राजविराजबाट १२ किलोमिटर टाढा रहेको सकरपुरा गाविसका सचिव राजकुमार झा गाउँपरिषद्को बैठक नबोलाउने सुरमा रहे पनि गाउँलेको आग्रहमा परिषद् बस्यो । तर, परिषद्बाट पारित योजना लागू गर्न उनी गाउँ फर्केर जान सक्ने अवस्थामा छैनन् । सात महिनादेखि सदरमुकाम राजविराजमा बस्दै आएका झा भन्छन्, 'गाउँपरिषद् बैठक बोलाउनु र नबोलाउनुको केही अर्थ रहेन ।'

सप्तरीका एक सय १४ गाविसमा एक सय ६ जना सचिव कार्यरत छन् । तीमध्ये अधिकांश सुरक्षा नभएको भनेर सदरमुकाम राजविराजमै बस्छन् । गाविससचिव हकहित संरक्षण केन्द्र, सप्तरीका सदस्यसमेत रहेका पकरीका गाविससचिवले स्वीकार गरे, 'दुई-चारजनाबाहेक सबै सचिव सदरमुकाममै बसेका छन् ।' जिल्ला विकास समितिका योजना अधिकृत केशव भट्टराई जिल्लाका एक सय १४ मध्ये ६ गाविसमा मात्रै गाउँपरिषद् बैठक बसेको र अन्यत्र बस्न नसकेको बताउँछन् । गाविसका लागि आएको रु. नौ करोड ४० लाखको बजेटमध्ये आधाभन्दा बढी त फ्रिज नै भएको छ । लेखा अधिकृत सूर्यबहादुर भण्डारी भन्छन्, 'विकास बजेट त गाविसले माग गर्न छाडिसके ।'

सप्तरीका गाविससचिवको यो अवस्था त एउटा उदाहरण मात्रै हो । पूर्वाञ्चलका विभिन्न जिल्लामा कार्यरत आठ सय ९३ जना गाविससचिवमध्ये अधिकांश सदरमुकाममै छन् । गाविससचिव हकहित संरक्षण केन्द्र मोरङका केन्द्रीय प्रतिनिधि केदार गिरीका अनुसार पूर्वाञ्चलका ७५ प्रतिशतभन्दा बढी गाविससचिव गाउँ फर्कन नसकी सदरमुकाममै बस्दै आएका छन् ।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भइसके पनि गाउँगाउँमा राज्यको अनुभूति गराउने गाविससचिव गाउँ नै

जान नसक्नु र राज्यले उनीहरूलाई सुरक्षाको प्रत्याभूति दिलाउन नसक्नु दुर्भाग्यपूर्ण हो। सिराहा, सप्तरी, सुनसरी र मोरङका गाविससचिवहरू चन्दाआतङ्ककै कारण गाउँ जान नसक्ने अवस्थामा पुगेका हुन्। मोरङको डाइनिया गाविसका गाविससचिव मित्र कट्टेल जनतान्त्रिक तराई मुक्ति मोर्चाले हतियार खरिदका लागि भन्दै चन्दा मागेपछि गाविस कार्यालय छाड्नुपरेको बताउँछन्। सुनसरीका ३९ मध्ये ३० गाविसका सचिव गाउँ जान छाडेको एक वर्ष नाघिसक्यो।

माओवादी युद्धताका माओवादीका डरले सचिवहरू गाउँ जान डराउँथे, अब भने तराईका सशस्त्र समूहको त्रासले उनीहरूलाई गाँजेको छ। तर, पूर्वाञ्चलमा तराईमात्र होइन, पहाडी जिल्लाका गाविससचिवहरू पनि गाउँ जान नसकी सदरमुकाममै बसेका छन्। पहाडी जिल्लामा पनि कतिपय सशस्त्र समूहको त्रास छ भने कतिपय ठाउँमा एउटै सचिवले तीन-चार गाविसको काम हेर्नुपर्ने भएकाले उनीहरू सदरमुकाममै बस्ने गर्दछन्। गिरी भन्छन्, 'सचिव नै गाउँमा बस्न नसक्ने भएपछि जनता ठूलो मारमा परेका छन्।'

गाविससचिवहरू गाउँ नगएपछि स्थानीय निकायले दिने सेवाबाट जनता वञ्चित भएका छन्। पूर्वाञ्चलका गाउँमा यो विजोग भइसक्दा पनि सरकारले न गाविससचिवलाई सुरक्षाको प्रत्याभूति दिलाउन सकेको छ न जनताका कामकाजको वैकल्पिक व्यवस्था नै मिलाएको छ।

■■■

*सञ्चारिका फिचर सेवा /सञ्चारिका समूह*

# अव्यवस्थित निर्माण चुलिँदा : मर्दैछ पोखराको सुन्दरता

**प्राकृतिक सुन्दरता र विविधता पोखराको सम्पत्ति हो। तर, जथाभावी महल ठड्याउने र अव्यवस्थित बसोबासका कारण यहाँका प्राकृतिक सम्पदा जोखिममा पर्दैछन्। यो क्रम बेलैमा नरोकिने हो भने पोखराको सुन्दरता कुनै पनि दिन समाप्त हुनेछ।**

**जमुना वर्षा शर्मा**

पोखरा/ जुन घरबाट हेरे पनि हिमाल छर्लङ्ग देखिनु पोखराको मुख्य विशेषता हो। अन्यत्र यस्तो अवसर विरलै पाइन्छ। तर, पोखरालाई प्रकृतिले नै यो उपहार दिएको छ। विकास निर्माणमा पनि त्यही शैली अपनाइएको छ,। वास्तुविद्हरू हरेक कोठाको झ्यालबाट माछापुच्छ्रे हिमाल देखिने गरी घर बनाउन सुझाव दिन्छन्। कतिपय घरका बनोट यस्ता पनि छन्- जहाँ बिच्छ्यौनाबाट पर्ने पहिलो नजर नै सूर्योदयले पहेंलपुर भएको हिमालको मनमोहक दृश्यमा पर्छ।

हिमालको यो प्राकृतिक सुन्दरतासँगै अनेक सम्पदाहरूले भरिएकै कारण पोखरा पर्यटकीय आकर्षणको केन्द्र बन्न पुगेको हो। तर, यहाँको यो मनमोहक हिमाली सुन्दरता दिनप्रतिदिन लोपोन्मुख बन्ने क्रम पनि सुरु भएको छ। विदेशी पर्यटकलाई हिमाल देखाएर आकर्षित गर्ने भनी बनाइएका होटलहरू काम नलाग्ने भइसके। सँगैका छिमेकीले गगनचुम्बी महल बनाइदिएपछि पर्यटक आकर्षित गर्न हिमाल देखिने गरी बनेका होटलको ख्याति नै गुमेको छ। पहिले आउँदा आफैं बसेको कोठाबाट हिमाल देखेर रमाउने पर्यटक अहिले घरैघर मात्रै देखिने भएपछि होटलमा बस्नै रुचाउँदैनन्। होटल मुनलाइटका सञ्चालक हरि शर्मा दुःखेसो गर्छन्, 'पोखरामा हिमाल हेर्न अब डाँडा नै चढ्नुपर्ने भइसक्यो।'

**पाँच वर्षअघि सामान्य अनुगमन गर्दा मापदण्ड उल्लङ्घन गरी निर्माण गरिएका अग्ला घरको सङ्ख्या मात्रै सात सय ३५ भेटिएको बताउँछन्।**

यसअघिसम्म पोखरा छिर्ने मुख्य नाका पृथ्वीचोकमा बसबाट छिर्नासाथ सुन्दर हिमशृङ्खलाको दृश्यावलोकनसँगै सहर प्रवेश हुन्थ्यो। माछापुच्छ्रे हिमालसँगै धौलागिरि र अन्नपूर्ण हिमशृङ्खला लस्करै देखिन्थे। तर, यस्ता दृश्यहरू अब इतिहास भएका छन्। अहिले त नियम मिचेर बनाइएका अग्लाअग्ला घर र ठूलाठूला होर्डिङबोर्डमात्रै देख्न पाइन्छ। स्थानीय फोटो पत्रकार विश्व शाक्य पोखराबाट हिमाल नियाल्नुपर्‍यो भने पहिले आफैंले खिचेका तस्बिर हेर्नुपर्ने बाध्यता आइलागेको सुनाउँछन्। पोखराका मनमोहक दृश्यलाई क्यामेरामा कैद गर्दागर्दै सेताम्मे फुलिसकेका शाक्य भन्छन्, 'सहरीकरणले पोखराको सौन्दर्य मिठासलाई टर्रो बनाइदिएको छ।'

हुन पनि समुद्री सतहबाट नौ सय मिटरको उचाइमा रहे पनि पोखराबाट केवल ३० किलोमिटरभन्दा नजिकैको क्षितिज दूरीमा आठ हजार मिटरभन्दा अग्ला हिमशृङ्खलाको दृश्यावलोकन गर्न पाइन्थ्यो। सजिलै हिमाल नियाल्न र हिमालको काखैमा बसेझैं तस्बिर खिच्न पाइने हुनाले नै अन्तर्राष्ट्रिय जगत्मै पर्यटनका लागि यसले ख्याति कमाएको थियो। नेपाल पर्यटन बोर्डका अनुसार सन् २००७ मा पोखरामा मात्रै एक लाख १२ हजार विदेशी पर्यटक आएका थिए।

प्राकृतिक सौन्दर्यको दृश्यावलोकन जोगाइराख्न पोखरामा अग्ला घरहरू बनाउन नपाइने नियम पनि लागू

भएकै हो । नेपालमा सम्भवत: विमानस्थल वरपरबाहेक यहाँ मात्र यस्तो नियम लगाइएको हुनुपर्छ । २०३२ सालमा ३५ फिट वा तीन तलाभन्दा अग्लो घर बनाउन नपाइने गरी पोखराको भवन मापदण्ड निर्धारण गरिएको थियो । नेपाल-जापान सहयोग नियोग (जाइका) को सहयोगमा लामो अनुसन्धानपछि निर्धारण गरिएको यो मापदण्ड दीर्घकालीन सोच र सुझबुझमा आधारित भए पनि यसको कार्यान्वयनचाहिँ हुन सकेन । यही कारण पर्यटकीय सहर पोखराको सौन्दर्य गुम्न पुग्यो । कतिपय स्थानीय बासिन्दाका भनाइमा मापदण्ड निर्धारण गरेपछिचाहिँ झन् अग्लाअग्ला घर बनेकाले अहिले यो हाल भएको छ ।

पोखरा उपत्यका नगर विकास समितिका सिनियर सर्भेयर गोपीनाथ दयालु पोखराको भूबनोट पनि कमजोर भएकाले अग्ला घर बनाउन बन्देज गरिएको बताउँछन् । उनी भन्छन्, 'पानी जम्नेबित्तिकै भ्वाङ पर्ने र हिमाली शृङ्खला तथा तालतलैयालाई समेत सजिलै देख्न सकियोस् भनेर मापदण्ड तोकिएको हो ।' समितिले मापदण्डअनुसारको नक्सा पास गरेपछि मात्रै उपमहानगरपालिकाले भवन बनाउने अनुमति दिने गर्दछ । तर, यो मापदण्ड लागू गराउन उपमहानगरपालिका सफल हुन सकेन । उपमहानगरपालिकाका इन्जिनियर पूर्ण गुरुङ भन्छन्, 'यहाँबाट मापदण्डअनुसारकै नक्सा बनाएर लैजाने र गइसकेपछि भने आफ्नै सुरले घर बनाउने गरिएको छ, त्यसैले समस्या आएको हो ।'

मापदण्डअनुसार भए/नभएको हेर्न उपत्यका नगर विकास समिति र उपमहानगरपालिकाले संयुक्त रूपमा अनुगमन टोली बनाएका छन् । तर, अनुगमन कागजमै सीमित छ । कसले मापदण्ड मिचेर घर बनायो भन्ने पनि वास्ता गरिँदैन, मिच्नेमाथि कारबाही पनि हुँदैन । घर बनिसकेपछि पर्याप्त निगरानीसमेत गर्न नसकिएको स्वीकार गर्दै इन्जिनियर गुरुङ भन्छन्, 'यसबारे त पोखरावासी नै चिन्तित हुनुपर्ने हो तर त्यस्तो सोच देखिएन ।'

हिमशृङ्खला र तालबाहेक यहाँबाट देखिने हरियाली दृश्य, पाखा-पखेरा, मठ-मन्दिर, महेन्द्रगुफा, डेबिडफल्स पोखराका हेर्नलायक बहुमूल्य प्राकृतिक सम्पदा हुन् । नगरको बीचबाट जमिनमुनि खोंचमा भूदृश्यका रूपमा लुकामारी खेल्दै बग्ने सेती नदीले सहरको चिनारी नै छुट्टै बनाइदिएको छ । तर, बढ्दो सहरीकरणसँगै देखापरेका अनियन्त्रित विकास निर्माणले त्यो सुन्दरता नास गर्दै लगेको छ । बढ्दो जनसङ्ख्या वृद्धि तथा उद्योगधन्दाले सहरमा प्रदूषणको डरलाग्दो समस्यासमेत थपिएको छ ।

निगरानी र अनुगमनकै अभावले गर्दा मापदण्डविपरीत बनाइएका यस्ता घर कति छन् भन्ने तथ्याङ्क पनि उपमहानगरपालिकासँग छैन । उपमहानगरपालिकाका अर्का इन्जिनियर शारदामोहन काफ्ले पाँच वर्षअघि सामान्य अनुगमन गर्दा मापदण्ड उल्लङ्घन गरी निर्माण गरिएका अग्ला घरको सङ्ख्या मात्रै सात सय ३५ भेटिएको बताउँछन् । उनी भन्छन्, 'त्यसपछि त झन् कुनै लेखाजोखा नै छैन, यो सङ्ख्या पहिलेभन्दा धेरै बढिसकेको छ ।'

पृथ्वी राजमार्ग २०३० सालमा बनेको हो । यससँगै पोखरा उपत्यकाभित्र सहरीकरण सुरु भयो । पश्चिमाञ्चलको क्षेत्रीय सदरमुकाम पोखरालाई बनाइएपछि यहाँको जनघनत्व पनि ह्वात्तै बढ्यो । उपमहानगरपालिकाका इञ्जिनियर काफ्लेका अनुसार अहिले पोखराको सहरी क्षेत्रमा मात्रै ४० हजारभन्दा बढी घरधुरी रहेका र हरेक वर्ष एक हजार ६ सयभन्दा बढी भवन बन्ने गरेका छन् ।

पोखराको पहिचान हो फेवाताल । तर, फेवातालको सुन्दरता पनि क्रमशः लोप हुँदै गएको छ । सफा पानीले सुन्दर देखिने फेवाताल यतिखेर जलकुम्भीले ढाकिसकेको छ । उपत्यकाभित्रका हरियाली फाँटहरू अव्यवस्थित बस्तीको बसोबासले ढ्याप्पै छोपिसके । नेपाल पर्यटन बोर्डका पूर्वसदस्य कालीबहादुर अधिकारी भन्छन्, 'पर्यटकीय क्षेत्र भनेर चिनाउने आधारहरू नासिँदै र मिचिँदै छन् । बेलैमा यी सम्पदाहरूको संरक्षणबारे नसोच्ने हो भने पोखराको सुन्दरतासँगै पर्यटन क्षेत्रको लगानी पनि चुर्लुम्म डुब्नेछ ।'

■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

# 'रोगले भन्दा भोकले छिट्टै मरिने भइयो'

**सुदूरपश्चिमका एचआईभी सङ्क्रमितहरू रोगसँगै भोकमरीको मारले पनि छटपटाइरहेका छन् । भएको जायजेथा औषधिमूलोमा सिध्याएका र घरपरिवारले पनि तिरस्कार गरेपछि बिचल्लीमा परेका सङ्क्रमितलाई अहिले दुईछाक जुटाउन धौधौ छ ।**

**लोग्शरी कुँवर**

कैलाली/ लोग्नेका कारणले एचआईभी सङ्क्रमित बनेकी अछाम चण्डिकाकी ३७ वर्षीया इन्द्रादेवी ताम्राकार अहिले रोग र भोक दुवैले एकसाथ थलिएकी छिन् । उचित उपचार र औषधिमूलो चाहिनेबेला उनलाई दुईछाक जुटाउन धौधौ छ । असारको दोस्रो साता दुवै हातका नाडी र खुट्टाका पिँडुला डोरीले कसेर टाउकोमा सेतो रुमाल बाँधेर बसेको अवस्थामा भेटिएकी इन्द्रा सानो पसलमा ग्राहक आउने पर्खाइमा देखिन्थिन् । तर, त्यसको भोलिपल्ट बिहानै उनी पानीले ओसिएको सानो कोठाभित्र भूइँमा छटपटाउँदै चिच्याइरहेकी भेटिइन् । चित्कार सुनेर उनको कोठामा छिर्ने

छिमेकीहरूसँग उनी याचना गर्दै थिइन्, 'यता बाँध, खुट्टा च्यापिदेऊ । म मरेँ, मलाई बचाऊ ।'

अभाव र गरिबी टार्न भारतमा मजदुरी गर्न गएका लोग्ने एचआईभी सङ्क्रमित भएर फर्केका थिए । रोगले च्यापेर अन्तिम अवस्थामा पुगिसकेका लोग्नेको त्यही वर्ष मृत्यु भएको थियो । एचआईभी बोकेर फर्केका लोग्नेको उपचारका लागि उनले भएको जायजेथा सबै बेचिन् तर निको भएन । उनी आफैं पनि सङ्क्रमित भएको र औषधोपचार त टाढाको कुरा, पेटभरि खान पनि नपाउने अवस्था भएकाले अब धेरै बाँचिँदैन भन्ने उनलाई थाहा छ ।

३२ वर्षको उमेरमै एक्लो जीवन बिताउन बाध्य भएकी इन्द्रालाई सहयोग गर्ने पनि अब कोही छैन । विरक्तिएर उनी सबैसँग विलौना पोख्ने गर्छिन्, 'पाँचजना छोराछोरी छन्, सम्पत्तिको नाममा सुको बचेको छैन, पेटभरि खान नपाएको वर्षौं भइसक्यो । यसरी बाँच्नुभन्दा त मरे आनन्द हुन्थ्यो ।'

**'बूढाबूढी दुवैजना सङ्क्रमित भएको थाहा पाएर छोराबुहारी बसाइँ सरेर तराई गए । साँझ-बिहान चुलोमा आगो बाल्न धौधौ भएपछि १२ वर्षको कान्छो छोरा र १० वर्षीया छोरीलाई अर्काको घरमा काम गर्न पठाएका छौं । '**

अछामकै पायल गाविस पानीखोलाकी ४० वर्षीया मनसरा भुल पनि लोग्नेकै कारण एचआईभी सङ्क्रमित बनेकी हुन् । भारतमा कमाउन जाने लोग्ने एचआईभी बोकेर फर्केपछि उनी पनि एचआईभी सङ्क्रमित बन्न पुगिन् । दुई वर्षदेखि उनलाई एउटा संस्थाले लगातार एड्सको असर कम गर्ने औषधि एआरभी खान त सहयोग गरेको छ तर दुईछाक जुटाउनसमेत गाह्रो भएकाले स्वास्थ्यस्थिति गम्भीर बन्दै गएको छ ।

बुढेसकालले च्यापिसकेको छ, सन्तानको स्याहार चाहिनेबेला सङ्क्रमित भएकै कारण उनलाई छोराबुहारीले तिरस्कार गरेका छन् । छोराबुहारी हेला गर्दै छुट्टिएर बसेपछि झनै विजोग भएको छ । पेटभरि खानै नपाएर मरिने चिन्ता पनि बढेको छ । गैरसरकारी संस्था गंगोत्रीको स्नेह नेटवर्कमा औषधि गर्न अछामको साँफेबगर पुगेकी मनसरा भोक टार्न चामलको फाँको चपाउँदै बसिरहेकी थिइन् । एचआईभी सङ्क्रमित भएपछिको अवस्था कस्तो छ ? प्रश्न सोध्न नपाउँदै उनको जवाफ थियो, 'रोगभन्दा भोकले छिट्टै मरिने भइयो, पेटभरि खानै नपाएर कति दिन बाँचिएला र ?' गहभरि आँसु पार्दै उनले दुःखको बेलिविस्तार लगाइन्, 'पाँचजना छोराछोरी छन् । बूढाबूढी दुवैजना सङ्क्रमित भएको थाहा पाएर छोराबुहारी बसाइँ सरेर तराई गए । साँझ-बिहान चुलोमा आगो बाल्न धौधौ भएपछि १२ वर्षको कान्छो छोरा र १० वर्षीया छोरीलाई अर्काको घरमा काम गर्न पठाएका छौं । मर्न पनि नसकिने रहेछ, कुकुरको जस्तो दिन काट्दै छौं ।'

काम गर्न भारतको मुम्बै पुग्ने लोग्नेहरू एचआईभी बोकेर फर्केपछि लोग्नेको उपचारमा जायजेथा सिध्याउने र आफू पनि जीवनमरणको दोसाँधमा पर्ने इन्द्रा र मनसरा एक्लो होइनन् । एचआईभी सङ्क्रमण हो भन्ने थाहा नपाउँदा टीबी, मलेरिया र झाडा-पखाला लागेको शङ्कामा औषधि किन्दाकिन्दै सुकुम्बासी बन्न बाध्य परिवारको सङ्ख्या ठूलो छ । कैलालीको गोदावरी-६ की ३२ वर्षीया पार्वती विकका लोग्ने सात वर्षअघि एचआईभी बोकेर फर्केका थिए । रोगले थलिएका लोग्नेको उपचारमा उनले भएभरको सम्पत्ति खर्चिन् तर लोग्ने केही महिनाभन्दा बढी बाँचेनन् । अहिले पार्वतीसँगै १० वर्षे कान्छो छोरा पनि एचआईभी सङ्क्रमित भएको भेटिएपछि उनको विजोग झनै बढेको छ । उनी दुःखेसो सुनाउँछिन्, 'दुई वर्षदेखि संस्थाको सहयोगमा एआरभी खाइरहेकी छु, तर पेट भर्ने पनि उपाय नभएकाले अब बाँचिएलाजस्तो लाग्दैन ।' दुई छोराछोरीसमेत पालिरहेकी पार्वतीको यो विजोगमा साथ दिने कोही छैन । बाँच्नै दिक्क लागेपछि उनी बरु मरे आनन्द हुन्थ्यो भन्न थालेकी छिन् । भन्छिन्, 'कहिलेकाहीं त भीरबाट लडेर मरौं जस्तो पनि लाग्छ, फेरि छोराछोरीको मुख हेरेर मन बुझाउँछु ।'

लामो समयदेखि भारतमा काम गर्दै आएका कैलालीकै गोदावरीका ५० वर्षीय दिलबहादुर ओडले लगातार ज्वरो आएर थला परेपछि दुई वर्षअघि स्वास्थ्य परीक्षण गराउँदा एचआईभी सङ्क्रमण भेटियो । त्यसपछि श्रीमतीमा पनि एचआईभी सङ्क्रमण देखियो । लोग्नेस्वास्नी दुवै सङ्क्रमित भएपछि उपचार गर्दागर्दै भएको जग्गाजमिन सबै सकिएको दुःखेसो सुनाउँछन् उनी । एचआईभी सङ्क्रमितका लागि कार्यरत संस्था नवकिरण प्लसले उनीहरूलाई औषधोपचार गर्न सहयोग गरेको छ । उनी भन्छन्, 'जग्गाजमिन सकियो, रोजगार केही छैन, आफू पालिन र दुई छोराछोरी पाल्न धेरै धौधौ भइसक्यो ।'

दलित बाहुल्य गोदावरीमा ओडजस्ता धेरै मानिस एचआईभी सङ्क्रमित छन् तर उनीहरूको मुख्य समस्या भनेकै दुईछाक जोर्ने हो । धेरैजसोले रोगले थलिएका बेला भोकमरीको सामना मात्रै गर्नुपरेको छ । गरिबी र अभावले दुईछाक जुटाउन पनि धौधौ पर्ने सङ्क्रमितहरू पौष्टिक आहारको अभावमा चक्कर लाग्न थालेपछि अब एआरभी पनि खाँदैनौं भन्न थालेका छन् । ओड भन्छन्, 'पेटभरि खान नपाएपछि औषधिले चक्कर लाग्दोरहेछ, धेरैले त अब औषधि खान्नौं भन्न थालिसके ।'

अछाम धेरै सङ्क्रमित भएको जिल्लामा पर्छ । गएको जेठसम्म यहाँ पाँच सय २४ एचआईभी सङ्क्रमित फेलापरेका थिए । सुदूरपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशनालयका प्रमुख डा. भीमसिंह टिङ्करी सुदूरपश्चिमका पाँच जिल्लामा मात्रै एक हजार एक सय ३८ जनामा एचआईभी पोजेटिभ देखिएको बताउँछन् । त्यसमध्ये ३० जनाको मृत्यु भइसकेको र दुई सय ५३ जनाले एआरभी सेवन गरिरहेका छन् ।

१२ वर्ष पहिले सुदूरपश्चिममै पहिलोपटक आफूलाई एचआईभी सङ्क्रमित भन्दै सार्वजनिक भएर सङ्क्रमितहरूको पक्षमा काम गरिरहेकी मथुरा कुँवर बिचल्लीमा बाँचिरहेका सङ्क्रमितलाई खाने, बस्ने तथा बालबच्चालाई शिक्षादीक्षाका लागि सरकारले केही नगरेसम्म सङ्क्रमितको अवस्था नसुध्रिने धारणा राख्छिन् । सङ्क्रमितका लागि कार्यरत स्नेह नेटवर्कको अध्यक्षसमेत रहेकी कुँवर एचआईभी सङ्क्रमितहरू भोकभोकै मर्ने अवस्थामा पुगेको बताउँछिन् । भन्छिन्, 'सङ्क्रमितहरू

भोकभोकै मर्ने अवस्था आइलागेकाले राज्य र सङ्घसंस्थाले यसबारे केही पहल गर्नुपर्छ ।'

■■■

*सञ्चारिका फिचर सेवा /सञ्चारिका समूह*

# मौलिक रणनीतिको खाँचो

## थरीथरीका विचार बोकेका पार्टीमा संलग्न सभासद् महिलाले अब लैङ्गिक हितमा एक भएर प्रस्तुत हुने मौलिकता देखाउनैपर्छ।

**हरिकला अधिकारी**

**काठमाडौं**/ महिलाहरू पुरुषमैत्री राज्य संरचनाका शोभा मात्र होइनन्, नयाँ नेपालका सहनिर्माता पनि हुन् । नेपालमा अहिले राज्यशक्तिको स्रोत मानिएको जनताको आधाभन्दा बढी सङ्ख्या महिलाकै छ । व्यवस्थित तरिकाले घर चलाउन सिपालु ठहरिएका महिलाले सङ्क्रमणकालमा देश चलाउने र नयाँ संविधानमार्फत देश बनाउने सामयिक अभिभारासमेत पाएका छन् । त्यसका लागि गणतन्त्र नेपालको जनप्रतिनिधिमूलक सर्वोच्च निकाय संविधानसभामा महिलाको लगभग ३३ प्रतिशत सहभागिता छ । कुल ६०१ सदस्यीय संविधानसभामा ६ वटा निर्वाचन क्षेत्रको उपनिर्वाचन बाँकी भएका बेला एक सय ९७ सभासद् महिला छन् । नेपालको संविधानसभामा महिलाको यो उपस्थितिलाई संयुक्त राष्ट्रसङ्घका महासचिव बान की मुनले समेत उत्साहजनक भनेका छन् । यो सहभागितालाई गुणात्मक मोड दिन भने महिलाले दलीय घेराबाट माथि उठेर अत्याधुनिक मौलिक रणनीति बनाएर अघि बढ्नुपर्ने देखिन्छ ।

**आन्दोलनका बेला अगाडि सारेर उपयोग गरिएका महिलाको भागमा मधेसबाट एउटै उम्मेदवारी पनि परेन। एमाले र माओवादीले पनि महिलालाई उपराष्ट्रपतिमा उम्मेदवारी दिन लगाएर सजाएर माछो माछो भ्यागुतो बनाइयो ।**

नेपालमा यस्तो शासन व्यवस्था आवश्यक छ जसले नेपालीलाई एकीकृत र अखण्डित नेपालमा बाँध्न सकोस् । अधिवक्ता शम्भु थापाको यो विचार अत्यन्त सामयिक र गम्भीर छ । यसलाई कार्यरूपमा बदल्न निर्णायक स्थानमा महिलाको समावेशी समानुपातिक सहभागिता उपयोगीसिद्ध हुनसक्छ । विभिन्न वर्ग, जात, भाषा र क्षेत्रमा विभक्त नेपालीलाई एउटै राष्ट्रिय सूत्रमा सहजतापूर्वक शालीन ढङ्गले बाँध्ने काम महिलाले नै गर्न सक्छन् । त्यसका लागि महिला राज्य संरचनाका हरेक निकाय र निर्णय गर्ने ठाउँमा पुरुषको जत्तिकै सहभागिता र हैसियतको खोजीमा पनि छन् ।

**नकारात्मक पूर्वसङ्केत**

संविधानसभाबाट निर्धारण हुने राज्यका चार महत्वपूर्ण पदहरू पुरुषका भागमा पर्न गए । २०६५ साल साउनको पहिलो सातासम्ममा राज्यका प्रमुख पदहरूमध्ये राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री संविधानसभा अध्यक्ष पद क्रमशः नेपाली काङ्ग्रेस, मधेसी जनअधिकार फोरम, माओवादी नेपाल कम्युनिस्ट पार्टी (एमाले) का भागमा परिसकेका छन् । ती पदहरूमा मधेसी, जनजाति, बाहुन पुरुषहरूको प्रतिनिधित्व छ । उपप्रधानमन्त्री र संविधानसभा उपाध्यक्षको चयन हुन बाँकी रहेको अवस्थामा जम्मा एक पदमा मात्र महिलाको सम्भावना देखिएपछि अन्तरपार्टी महिला सञ्जालमार्फत महिलाले विभिन्न कार्यक्रममा खुलेरै उपाध्यक्ष पदका लागि सहमति हुनुपर्ने आवाज उठाएको सुनिन्छ । साउनको दोस्रो साता सभासद् महिलाले संविधानसभा उपाध्यक्ष पद मात्र होइन, संविधानसभामा बन्ने समितिहरूलाई पनि समावेशी बनाउन माग गरे ।

समावेशीका लागि बलियो आकार र आधार छ महिलासँग । संविधानसभा सदस्य निर्वाचन, २०६४ निर्वाचन परिणाम पुस्तिकाअनुसार संविधानसभामा रहेका कुल २५ दलमध्ये सबैभन्दा बढी सभासद् महिला नेपाल कम्युनिस्ट पार्टी (माओवादी) मा छन् । उनीहरूको सङ्ख्या ७७ पुग्छ भने अन्य पार्टीमध्ये नेपाली काङ्ग्रेसबाट ३९, नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट ३८, मधेसी जनअधिकार फोरमबाट १३, तराई मधेस लोकतान्त्रिक पार्टीबाट ६, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट चार, नेपाल कम्युनिस्ट पार्टी (माले) बाट चार सभासद् महिला देखिन्छन् । बाँकी चारवटा पार्टीमा दुई-दुई र आठवटा पार्टीमा एक-एकजना सभासद् महिला रहेको देखिन्छ भने जम्मा एक-एकजना सदस्य सङ्ख्या भएका ६ वटा पार्टीमा महिला सहभागिता शून्य छ ।

सभासद् महिलाको यो आकारलाई विभिन्न शिरामा विभक्त गरेर कमजोर भने तुल्याइएको छ । उनीहरू ठाडो तरिकाले १९ वटा पार्टीमा र तेर्सो तरिकाले मधेसी, जनजाति, दलित, पिछडिएका क्षेत्र र अन्य गरी पाँच समानुपातिक भागमा बाँडिएका छन् । लिङ्गीय आधारमा अझै पनि महिलाले दुईतिहाई पुरुषको तुलनामा एकतिहाई मात्र प्रतिनिधित्व प्राप्त गर्न सकेका छन् । यति हुँदाहुँदै पनि संविधानसभामा सभासद् महिलाको उपस्थितिलाई एकमुष्ट गणना गर्ने हो भने उनीहरूको सङ्ख्या दोस्रो ठूलो दलको हैसियत राख्न सक्ने अवस्थामा छ । सबैभन्दा ठूलो दल माओवादीमा दुई सय २९ सभासद् छन् भने क्रमशः दोस्रो र तेस्रो ठूलो दल नेपाली काङ्ग्रेसमा एक सय १६ र एमालेमा एक सय नौ सभासद् छन् । यी तीनवटा दलमा रहेका महिलाको सङ्ख्या डेढ सयभन्दा बढी छ । सामूहिक हितका लागि सङ्गठित भएर निर्णय प्रक्रियामा सकारात्मक प्रभाव

पार्नलाई यो सङ्ख्या पर्याप्त पनि छ। त्यसमाथि अन्य दलमा आबद्ध ४३ महिला छन्। रणनीतिक रूपमा सबै मिल्ने हो भने सभासद् महिलाले मतदानमा सक्रिय भएर होस् या निष्क्रिय, संविधानसभामा निर्णायक भूमिका निर्वाह गर्न सक्ने देखिन्छ। त्यसका लागि संसदीय व्यवस्थामा जस्तो संविधानसभामा पार्टीको निर्देशन कडा नहुने वा नैतिक बन्धन मात्र हुने कुरा माओवादी नेता डा. बाबुराम भट्टराईले बेलाबेलामा भन्दै आएको कुरा सबै पार्टीमा लागू हुनुपर्ने देखिन्छ।

परिस्थितिको मूल्याङ्कनबाट सभासद् महिलाले सिक्नुपर्ने कुरा धेरै छन्। तीमध्ये सर्वाधिक महत्वपूर्ण कुरो, जम्मा ५२ सभासद् भएको चौथो ठूलो पार्टी मधेसी जनअधिकार फोरम, नेपालले उपराष्ट्रपति मात्रै जिताएन, उसकै मोलतोलका कारण पार्टी फरक भए पनि राष्ट्रपतिसमेत मधेसकै बन्ने स्थिति सिर्जना भयो। राज्यका ४० प्रतिशत उच्च पदहरू मधेसीहरूको पोल्टामा परे पनि संसद् अवरुद्ध गर्नदेखि आन्दोलनका बेला अगाडि सारेर उपयोग गरिएका महिलाको भागमा मधेसबाट एउटै उम्मेदवारी पनि परेन। एमाले र माओवादीले पनि महिलालाई उपराष्ट्रपतिमा उम्मेदवारी दिन लगाएर माछो माछो भ्यागुतो बनाइयो। महिलाको मतले लैङ्गिक समावेशी मूल्य पाएन। यसबाट लोकतान्त्रिक गणतन्त्रमा पनि नेपालका सभासद् महिलाहरू पार्टी नेतृत्वको उपयोगितावादी सिद्धान्तकै सिकार भइरहने खतराको पूर्वानुमान गर्न सकिन्छ। अब त कार्यशैली फेर्नुपर्ने हो कि ?

थरीथरीका विचार बोकेका पार्टीसित संलग्न सभासद् महिलाले लैङ्गिक हितमा एक भएर प्रस्तुत हुने मौलिकता देखाउनैपर्छ। राज्यका महत्वपूर्ण पदहरूमा महिलाको समावेशी नभएको सन्दर्भलाई अन्तरपार्टी महिला सञ्जालकी अध्यक्ष तथा नेपाली काङ्ग्रेस सभासद् उमा अधिकारीले जसरी पार्टीहरूतिरै दोष पन्छाएर मात्र चोट कम हुँदैन। उपराष्ट्रपतिको निर्वाचनमा महिलालाई जिताउन सक्ने अवस्था भएर पनि सञ्जालले केही पहल नगरेको छर्लङ्ग छ। यसका पछाडि दलगत स्वार्थ गाँसिएको अनुभव नेकपा माओवादी सभासद् कमला रोकासहित नागरिक समाजका धेरैले गरेका छन्। नेकपा एमाले सभासद् सावित्रा भुसाल महिलालाई जिताउन कसैले पनि सहमतिको प्रयास नगरेको बताउँछिन्। लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिमा पनि महिलाहरू दलीय स्वार्थमा मात्र विभाजित भइरहने हो भने आधाभन्दा बढी नागरिकको सामूहिक हित कसले गर्छ ? प्रश्नले जवाफ मात्र होइन, समाधान माग्छ।

■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

# हामीलाई जस्तो अरूलाई नहोस्

**दासप्रथाको अवशेषका रूपमा रहेको कम्लहरी प्रथा हटाउन पूर्वकम्लहरीहरू नै जुटेका छन्। आफूले भोगेको पीडा र विजोग सम्झेर उनीहरू यो सामाजिक कलङ्क हटाउन अघि सरेका हुन्।**

**देविका जीएम**

दाङ/ गढवा गाउँकी उर्मिला चौधरी एक वर्षअघिसम्म काठमाडौंका साहुको घरमा कम्लहरी (घरेलु कामदार) थिइन्। जुठा भाँडा माझ्ने, कपडा धुने, साहुको परिवारलाई खाना पकाएर खुवाउने र कहिलेकाहीँ गालीसँगै कुटाइसमेत खाने उनको दैनिकी थियो। बाल्यावस्थामै अर्काको घरमा काम गर्न पठाइएकी उर्मिला कामको बोझले आराम गर्ने समय पनि पाउँदिनथिन्।

तर, अहिले अवस्था फेरिएको छ। भर्खर १८ टेकेकी उर्मिला यतिखेर साहुको घरमा दास बनाइएर दुःख पाएका आफूजस्तै कम्लहरीहरूको मुक्ति अभियानमा जुटेकी छिन्। कम्लहरी प्रथा उन्मूलन गर्ने उनको एउटै उद्देश्य छ। सानैमा अधिकारबाट वञ्चित गराइएका बालिका र किशोरीको अधिकार स्थापित गर्ने अभियानको नेतृत्व सम्हालेकी छिन् उर्मिलाले। कम्लहरी बस्दा आफूले पाएजस्तो दुःख अरूले नपाऊन् भनेर यो अभियान सुरु गरेको उनी बताउँछिन्। अभियानमा पाएको सहयोगले उत्साहित उर्मिला भन्छिन्, 'अब कम्लहरीमुक्त समाज बनाउनुपर्छ।'

**'६ वर्षपछि पहिलोपटक घर आउँदा फेरि फर्कर जाने मन थिएन। तर, बाबुआमाले जबर्जस्ती पठाइदिए। साहुका छोराछोरीले पढेको देख्दा मलाई पनि पढ्न मन लाग्थ्यो। तर, मैले पढ्न त पाइनँ-पाइनँ, पेटभरि खान पनि पाइँदैनथ्यो'।**

सात वर्षको उमेरमै आमाबाबुले उनलाई साहुको घरमा काम गर्न काठमाडौं पठाएका थिए। अर्काको घरमा कमैया बसेका बाबुआमाले छोरीले कमाएको केही पैसाले घरको गुजारा टर्ला भन्ने आश गरेका थिए। त्यसपछि ६ वर्षसम्म त उनी घर पनि आउन पाइनन्। ६ वर्षपछि पहिलोपटक घर आउँदा फेरि फर्कर जाने मन थिएन। तर, बाबुआमाले जबर्जस्ती पठाइदिए। 'साहुका छोराछोरीले पढेको देख्दा मलाई पनि पढ्न मन लाग्थ्यो। तर, मैले पढ्न त पाइनँ-पाइनँ, पेटभरि खान पनि पाइँदैनथ्यो,' उनी आफूले भोगेको पीडा सुनाउँदै भन्छिन्, 'घरमा भएको सबै काम म एक्लैले गर्नुपर्थ्यो। तर, कामको जस कहिल्यै पाइएन। गाली र कुटाइमात्रै खानुपर्ने, एकछिन फुर्सदमा बस्न पनि दिँदैनथे।'

बाह्र वर्ष उनी साहुको घरमा कम्लहरी बसिन् । गएको वर्ष मात्रै उनले त्यहाँबाट मुक्ति पाएकी हुन् । अहिले फेरि ६ कक्षामा पढ्न थालेकी उर्मिला कम्लहरी राखेका घरघरमा पुगेर 'कम्लहरी राख्नु हुँदैन' भन्ने सन्देश बाँड्दै हिँड्छिन् । छोराछोरीलाई कम्लहरी बस्न पठाउने बाबुआमालाई सम्झाउँछिन्, कम्लहरी बस्ने बालबालिकालाई पनि पढ्नुपर्ने सल्लाह दिन्छिन् । गैरसरकारी संस्था असहाय नानीहरूको साथी (एफएनसी) को सहयोगबाट उनी कम्लहरीमुक्त भएकी थिइन्, त्यसपछि भने उनी आफैँले अरूका लागि मुक्ति अभियान सुरु गरिन् । कम्लहरी प्रथा हटाउनका लागि भर्खरै गठित जिल्लास्तरीय साझा मञ्चको उनी अध्यक्ष बनेकी छिन् । उर्मिला भन्छिन्, 'अब सिङ्गो नेपाललाई कम्लहरीमुक्त गराउने हाम्रो अभियान हो ।'

उर्मिलासँगै कम्लहरी मुक्तिको यो अभियानमा जुटेकी छिन् गढवाकै चन्द्रकुमारी चौधरी । उनी पनि कम्लहरी जीवन बिताएर तीन वर्षअघि मात्रै मुक्त भएकी किशोरी हुन् । सर्लाही र दाङमा पाँच वर्ष उनले कम्लहरी बनेर बिताइन् । पेटको रोगी भएकीले औषधोपचार पाइने आशमा सुरुमा छिमेकीको घरमा कम्लहरी बस्न पठाइयो । पछि उनलाई विभिन्न बहाना गरी झुक्याएर सर्लाहीसम्म पुऱ्याइएको थियो । कम्लहरी बस्दा मालिक्नीको कुटाइले अझैसम्म पनि उनको पेटको रोग निको हुन सकेको छैन । साहुको घरमा बस्दा भोग्नुपरेको दुःख र पीडा अहिले पनि झल्झली सम्झिन्छिन् उनी । 'जति काम गरे पनि सधैं गाली र कुटाइ मात्र खानुपर्थ्यो, वर्षभरिमा एकजोर फ्रकभन्दा अरू कपडा दिँदैनथे, त्यो पनि पुरानो मात्रै,' पीडा पोख्दै चन्द्रकुमारी भन्छिन्, 'सबैले खाइसकेपछि बचेकुचेको खाना खानुपर्थ्यो, कहिले त त्यही पनि बचेन भने भोकभोकै बस्नुपर्थ्यो ।'

गैरसरकारी संस्था स्वानको सहयोगमा कम्लहरीमुक्त भएकी उनी अहिले १८ वर्षकी भइन् । उमेर धेरै भए पनि उनले ६ कक्षामा पढ्न थालेकी छिन् । आफूले जस्तो दुःख अरूले नपाऊन् भन्ने चाहना छ उनको पनि । त्यसैले पढेर कम्लहरी प्रथा हटाउने अभियानमा योगदान दिन चाहन्छिन् । उनी भन्छिन्, 'त्यही भएर दाङलाई कम्लहरीमुक्त जिल्ला बनाउने अभियानमा जुटेका छौं ।'

कम्लहरी प्रथा उन्मूलन गर्न उर्मिला, चन्द्रकुमारीजस्ता पूर्वकम्लहरीहरू नै लागेका छन् । शिवा चौधरी पनि यो अभियानकी सदस्य हुन् । उनी साथीहरूसँगै कम्लहरी राखेका घरसम्म पुगेर कम्लहरी नराख्न र घर फर्काउन आग्रह गर्छिन् । ६ कक्षामा पढ्दै गर्दा बाबुआमाले पढाइ छुटाएर उनलाई कम्लहरी बस्न प्यूठानको खलङ्गा पठाएका थिए । पढाइ छाड्नुपर्दा उनी कैयौं दिन रोएर बसिन् । २०६१ मा स्वानकै सहयोगमा कम्लहरीमुक्त भएपछि उनको पढाइ सुरु भएको छ । अहिले उनी देउखुरीमा १२ कक्षामा पढ्दै छिन् ।

शिवा कम्लहरी मुक्तिका लागि गठित साझा मञ्चको देउखुरी क्षेत्रको अध्यक्षसमेत छिन् । गरिबीका कारण कामको खोजीमा भारत पुगेका आमाबाबुसँगै गएकी निमा चौधरीलाई भारतमै कम्लहरी बस्ने बाध्यता आइलाग्यो । त्यहाँ अनेक दुःख र यातना सहनुपऱ्यो उनले । त्यही पीडा भुल्न उनी पनि कम्लहरी प्रथा हटाउने अभियानमा सामेल भएकी छिन् । सन् २००८ को अन्त्यसम्म दाङलाई कम्लहरीमुक्त जिल्ला घोषणा गरी नमुना जिल्ला बनाउने लक्ष्यमा छन् उनीहरू । उनीहरूले घरघरमा पुगेर सम्झाउने र कम्लहरी हटाउन नमाने कानुनी प्रक्रिया अपनाएर भए पनि उनीहरूलाई घर फर्काउने काम थालेका छन् । आउँदो माघसम्म दाङलाई कम्लहरीमुक्त जिल्ला घोषणा गर्न विभिन्न सङ्घसंस्थाले समेत सघाएपछि यी अभियन्ताहरू कम्लहरी राखेका घरमा छापा मार्न थालेका छन् । कम्लहरी भए/नभएको बुझ्न घरघरमा पुग्ने गर्छन् ।

पूर्वकम्लहरीहरूको यो अभियानमा विभिन्न गैरसरकारी संस्था र क्लबहरूले सघाएका छन् । उनीहरू प्रशासनमा उजुरी हालेर कम्लहरीमुक्त गराउनदेखि मुक्त भइसकेका बालिकालाई उनीहरूको रुचिअनुसार विद्यालय भर्ना, आयआर्जनका काममा समेत सहभागी गराउँछन् । उनीहरूको अभियानबाट डराएर कतिपय मालिकले आफैं कम्लहरीलाई मुक्त गर्न थालेका छन् । दाङका दुई नगरपालिका र २० गाविसमा गरिएको सर्भेक्षणमा अझै सात सयजति कम्लहरी रहेको देखाएको छ । एफएनसीले एक हजार पाँच सय ६० कम्लहरी मुक्त गरी उनीहरूलाई पढाउँदै आएको छ ।

मालिकको दुर्व्यवहार खप्न नसकेर गएको वर्ष लमहीका इन्द्रमणि खनालका घरमा कम्लहरी बसेकी बर्दियाकी १५ वर्षीया सरिता चौधरीले आत्महत्या गरेकी थिइन् । कम्लहरीले मालिकबाट श्रमसँगै यौनशोषण, बलात्कारलगायतका पीडा पनि भोग्ने गरेका छन् । दाङमा मात्र तीनजना कम्लहरीले मालिकबाट बलात्कृत भएर बच्चा जन्माएका छन् । यस्ता घटनाबारे मुद्दा चलाइने र पीडकमाथि कारबाही गरी क्षतिपूर्तिसमेत असुलउपर हुने गरेको छ ।

सरकारले २०५७ सालमा कमैया/कम्लहरी प्रथा उन्मूलन भएको घोषणा गरे पनि दासप्रथाको अवशेषका रूपमा पश्चिम तराईका पाँच जिल्लामा कम्लहरी प्रथा कायमै छ ।

■■■

*सञ्चारिका फिचर सेवा /सञ्चारिका समूह*

# महिलाले भित्र्याए गाउँमा विकास

**सरकारी निकायसँग मिलेर कास्कीका महिलाले गाउँगाउँमा विकासका कार्यक्रम भित्र्याएपछि त्यस क्षेत्रका समस्या न्यून हुँदै गएका छन् । विकासको यो शैली अन्यत्र पनि अनुशरण गर्नुपर्ने खाँचो देखिन्छ ।**

**यशोदा तिम्सिना**

**कास्की**/ तीन वर्षअघिको कुरा हो, नानासिरी तामाङ ४० ले आफ्नो गाउँमा प्राथमिकताका आधारमा विकास गर्नुपर्ने कुरा के-के हुन् भनेर खुट्याउने अवसर पाइन् । त्यसका लागि गाउँकै महिलाको समूह बनाएर मुख्य-मुख्य समस्या केलाउने कामको नेतृत्व लिइन् उनले । कास्कीको कोड्कासेरी गाविस सार्दिखोलाकी नानासिरीले नेतृत्व गरेका महिलाले गाउँमा शौचालय निर्माण गर्नुपर्ने आवश्यकता सबैभन्दा धेरै देखे ।

समस्याको पहिचान त भयो तर खाँचो थियो आर्थिक सहयोगको । त्यहीबेला स्थानीय विकास मन्त्रालयले विकेन्द्रित वित्त व्यवस्था तथा विकास कार्यक्रममार्फत सहयोगको कार्यक्रम ल्यायो । न्यूनतम सर्त र कार्य सम्पादन मापनका आधारमा जिल्ला विकास समितिलाई सहयोग गर्ने त्यस कार्यक्रमले नानासिरीजस्ता जुझारु महिलालाई राहत मिल्यो । महिलाले करिब ४० परिवारले शौचालय बनाउन चाहेको कुरा जिविससम्म पुऱ्याए । गाउँलेले निश्चित श्रमदान गर्ने र विभिन्न सहयोगसहितको आर्थिक लगानी जिविसले गरिदिने सहमति भयो । त्यसअघि कोड्कासेरी सामुदायिक बचत संस्था गठन भए पनि सक्रिय हुन सकेको थिएन । त्यसलाई सक्रिय बनाई कार्यक्रमको कार्यान्वयन र अनुगमन गर्ने जिम्मा महिलाले लिए । महिलाको यो जाँगरले केही समयमै हरेक घर छेउमा शौचालय बने । संस्थाकी अध्यक्ष नानासिरी भन्छिन्, 'घरघरमा शौचालय बनेपछि गाउँ नै सफा भयो ।'

त्यसपछि महिलामा उत्साह थपियो । उनीहरूले जिविससमक्ष शौचालयसँगै बाथरुम बनाउने प्रस्ताव पनि राखे । एकैचोटि अलिकति बढी रकम खर्च गरे पुग्ने देखेर जिविसले पनि उनीहरूको माग स्वीकार गऱ्यो । अर्को एक विकासे संस्थाले यसअघि नै घरघरमा धारा बनाउन सहयोग गरेको थियो । त्यही पानीको सदुपयोग गरेर सार्दिखोलाका किसानले तरकारी खेतीसमेत सुरु गरेका थिए । त्यसपछि गाउँलेले तरकारी भण्डार गर्न र बैठक सञ्चालनका लागि जिविससमक्ष एउटा घरको खाँचो औंल्याए । त्यसपछि महिलाकै नेतृत्वमा गठित ३२ सदस्यीय सामुदायिक संस्थाले भवन निर्माणको जिम्मा लियो । सबैले बराबर उपभोग गर्न पाउने थाहा पाएपछि उपयुक्त स्थानमा भवन निर्माण गर्न दानवीरहरूले जग्गा दिए । गएको तिहारमा देउसी-भैली खेलेर जम्मा गरेको रकम पनि भवन निर्माणमा लगाए गाउँलेले । आफ्नै भवन बनेपछि गाउँलेलाई बैठक र तरकारी भण्डार गर्ने समस्या पनि टऱ्यो । भवन बनेपछिको व्यवस्थापन हर्कबहादुर तामाङले हेरिदिएका छन् । सामुदायिक बचत संस्थाको कारोबार हेरेर सहयोग पुऱ्याउँदै आएका तामाङ भन्छन्, 'महिलाहरू हिसाबकिताबको त्यति मेसो पाउँदैनन्, त्यसैले सहयोग गरेको ।'

नपढेका कारण हिसाबकिताबमा कमजोर महिला अब प्रौढ शिक्षा पढेर भए पनि आफूमा निखार ल्याउन जुटेका छन् । संस्थाकी सदस्य विमला तामाङ भन्छिन्, 'अझै पनि पुरुषले नै हिसाब राखिदिनुपर्छ, अब अरूमा भर पर्न नपरोस् भनेर हिसाबकिताब राख्न सक्नेसम्म हुनलाई तालिमको माग गरेका छौं ।' तामाङ बाहुल्य रहेको कोड्कासेरी गाउँमा धेरैजसो महिला अनपढ छन् तर उनीहरूको ध्यान अब पढाइमा केन्द्रित हुँदैछ । फूलकुमारी तामाङ, ३४ भन्छिन्, 'अब पढाउने मान्छे चाहिएको छ ।' पढाउनेलाई दिने तलब, लाग्ने मसी-कागजको खर्चको हिसाब तयार पारेर जिविसलाई बुझाउने तयारीमा छन् महिलाहरू । आयआर्जनको कामका लागि सहुलियतमा ऋण लिने योजना पनि छ उनीहरूको । बाखा, गाई, कुखुरापालन र मौसमी/बेमौसमी तरकारी उत्पादनका लागि चाहिने ऋण लिने सहमति समूहका सदस्यबीचमा भइसकेको छ ।

अहिले हो, महिलाको माग शिक्षा र सहुलियत दरको ऋणमा केन्द्रित भएको । पहिले उनीहरू तरकारी बेच्न सार्दिखोला तरेर जानुपर्थ्यो, खोलामा पुल थिएन । पुल बनाउन पनि जिविसले नै सघायो, अहिले सार्दिखोलामा पक्कीपुल बनेको छ । स्थानीय रामबहादुर तामाङ भन्छन्, 'पुल बनेपछि गाउँमा उत्पादित सामान बेच्न र आवतजावत गर्न सुबिस्ता छ ।'

**'अझै पनि पुरुषले नै हिसाब राखिदिनुपर्छ, अब अरूमा भर पर्न नपरोस् भनेर हिसाबकिताब राख्न सक्नेसम्म हुनलाई तालिमको माग गरेका छौं ।'**

सार्दिखोलानजिकै पर्ने हेम्जा गाविसको सुर्का गाउँमा पनि यस्तै सुखद खबर सुन्न पाइन्छ । विकेन्द्रित वित्त विकास कार्यक्रमले आफ्ना समस्या पहिचान गरी आउने गाविसलाई जिविसमार्फत अनुदान दिने बताएपछि हेम्जाका बासिन्दाको बैठक बस्यो । ०४२ सालमा निर्मित खानेपानी सेवा पर्याप्त नभएकाले गाउँलेको जोड पानीमै भयो । किनभने ६ सय घरधुरीका करिब सात हजार मानिसले खानेपानीकै समस्या झेलिरहेका थिए । लाग्ने खर्चमध्ये केही जनश्रमदान गर्नुपर्ने नियम भएकाले गाउँलेले खुलेर श्रम गरे, सजिलै धारा निर्माण भए । स्थानीय बसन्तराज त्रिपाठी भन्छन्, 'पानी त भयो तर सरसफाइको समस्या बढ्दो छ ।' भूमेश्वर निम्नमाध्यमिक विद्यालयका शिक्षक त्रिपाठीका अनुसार गाउँले अन्य आवश्यकताको सूची लिएर जिविसमा जाने तयारीमा छन् । जनसङ्ख्या बढेपछि धाराको पानीमात्रै तरकारी रोप्न अपुग भएको छ । सुर्काका ६२ वर्षीय शशिधर

पौडेल भन्छन्, 'अब भ्वाङ खोलाको पानी ल्याउन पाए करेसाबारीमा पर्याप्त सिंचाइ सुविधा पुग्थ्यो ।'

तर, गाउँले यसबाट समस्या पनि भोगिरहेका छन् । विभिन्न सार्वजनिक ठाउँमा बनाइएका धारामा पाइप जडान गरेर घरघरमा पानी लैजानाले बिहानबेलुका खानेपानी थाप्न पालो कुर्नुपर्छ । स्थानीय गृहिणी अनु पौडेल भन्छिन्, 'घरघरमा पानी आयो भनेर मख्ख परे पनि चाहिएका बेला पानी चलाउन पाइँदैन ।' जिविसका प्राविधिक सहायक ईश्वरी बास्तोलाले सात सय घरधुरीलाई पानी अभाव भएको खबर जिविसमा पुऱ्याइसकेका छन् । उनी भन्छन्, 'आउँदो वर्षको योजनामा यो समस्याले ठाउँ पाउनेछ ।'

विकेन्द्रित वित्त व्यवस्था तथा विकास कार्यक्रमका राष्ट्रिय कार्यक्रम व्यवस्थापक विष्णुराज पुर देशभरका २० जिल्लामा परीक्षणका रूपमा उल्लिखित कार्यक्रम लागू गरिएको बताउँछन् । स्थानीय निकायको कार्यसम्पादन स्तर र क्षमताका आधारमा अनुदान दिने, कमी-कमजोरी आंकलन गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, अनुगमन मूल्याङ्कन प्रणाली सुदृढ गर्ने, पुरस्कार र दण्डको आधारमा अनुदान दिने व्यवस्थाले स्थानीय निकायलाई कार्यसम्पदानस्तर सुधार गर्न दबाब सिर्जना गराउने उद्देश्य राखिएकाले कार्यक्रमको प्रभावकारिता त बढेको छ नै, जनताले प्रत्यक्ष सहयोग पाएको अनुभूतिसमेत गर्न थालेका छन् ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सुदूरपश्चिममा सौर्य ऊर्जा : उज्यालो भो जीवन

**विद्युतीकरणको अभावमा समस्या झेलिरहेका सुदूरपश्चिमका विकट गाउँमा अहिले सौर्य ऊर्जा उज्यालोको एउटा भरपर्दो विकल्प भएको छ । सौर्य ऊर्जाले त्यस क्षेत्रमा प्रकाश दिने काम मात्र गरिरहेको छैन यसले त स्थानीय बासिन्दाको जीवनशैली नै बदलिदिएको छ ।**

**निमा काफ्ले**

महेन्द्रनगर/ कतै मागेको बेला विद्युत् लाइन नपाइने त कतै विद्युत् लाइन नै नपुग्ने भएपछि सुदूरपश्चिममा सौर्य ऊर्जा प्रयोग नगरी नहुने अवस्था आएको छ । यो अब ऊर्जाको वैकल्पिक स्रोत हुन थालेको छ । पाँच वर्षअघिसम्म पहाडी क्षेत्रका कतैकतै सरकारी कार्यालय र दूरसञ्चार कार्यालयका छानामा मात्रै देखिने सौर्य पाता अहिले सुदूरपश्चिमका दुर्गम गाउँमा पनि प्रयोग हुन थालेका छन् । विद्युतीकरण नभएका ठाउँमा वैकल्पिक ऊर्जाको प्रयोग बढाउन नेपाल सरकारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत अनुदानसमेत दिने गरेको छ ।

यसरी एक घरपरिवारलाई पाँचदेखि दस हजारसम्म अनुदान दिने भएपछि सुदूरपश्चिम क्षेत्रमा सौर्य ऊर्जाका प्रयोगकर्ता बढेका छन् । यस्तै अनुदानस्वरूप दार्चुलामा मात्रै दुईवटा कम्पनीमार्फत पचास लाखभन्दा बढी खर्च भइसकेको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका इन्जिनियर भरतराज पौडेल बताउँछन् । प्रयोगकर्ता बढेपछि सुदूरपश्चिमका नौवटा जिल्लामा दुई दर्जनभन्दा बढी सौर्य ऊर्जा कम्पनीले काम गरिरहेका छन् ।

**गाउँमा भैंसी पालेर बसेका महिलाले घ्यू बेचेर आएको पैसाले पनि सौर्य ऊर्जाका प्यानलहरू जोडेको बझाङमा सौर्य ऊर्जा जडान गर्ने प्राविधिक गोपाल बोहोरा बताउँछन् ।**

कञ्चनपुरको कृष्णपुर गाविसका ५२ वर्षीय पदमबहादुर ढाँटले अहिलेसम्म घरमा बिजुली बाल्न सकेका थिएनन् । सहरबजारमा झैं आफ्नो घरमा पनि कहिले बिजुली बल्ला भनेर कल्पना गर्ने पदमबहादुरले विद्युत्को लाइन नै नपाउने भएपछि सौर्य पाता जोडेर घर झिलिमिली पारेका हुन् ।

नेपाल विद्युत् प्राधिकरणको ३२ केभी प्रसारण लाइनको तार घरछेउबाटै कैलालीबाट कञ्चनपुरतिर तानिएको भए पनि पदमको घरमा उज्यालो थिएन । पदम भन्छन्, 'बिजुलीको तार हेरेरै बस्नुभन्दा छानामाथि सोलार पाता राखेर ब्याट्रीबाट सौर्य ऊर्जा निकालेर घरमा उज्यालो भित्र्याएँ ।'

पदमकै जस्तो अवस्था कञ्चनपुरको बेल्डाँडी गाविसका मङ्गले बुढालाई पनि थियो । वर्षौंसम्म गाउँमा बिजुली पुऱ्याउन नसक्ने सरकारको मुख ताकेर बस्नुभन्दा सौर्य ऊर्जा जडान गर्नु उपयुक्त लागेर उनले यसै महिनादेखि घरमा सौर्य ऊर्जाको बत्ती बाल्न थालेका छन् । यसैगरी वर्षौं कुर्दा पनि आफ्नो क्षेत्रमा बिजुलीको लाइन विस्तार नभएपछि सौर्य पाता जोडेको बताउने कञ्चनपुर दोधारा गाविसका दुर्गाकली मगर अहिले आफ्नो जीवनकै रङ्ग बदलिएको बताउँछिन् ।

तथ्याङ्कअनुसार सुदूरपश्चिममा सौर्य ऊर्जा जडान गरेका परिवारको सङ्ख्या पचास हजार नाघेको छ । सुदूरपश्चिम क्षेत्रमा विगत आठ वर्षदेखि सौर्य ऊर्जा वितरण गरिरहेको महेन्द्रनगरस्थित सूर्योदय ऊर्जा प्रालिबाट मात्रै १३ हजारभन्दा बढी घरमा सौर्य ऊर्जाको जडान गरेको अनुमान सो कम्पनीका सञ्चालक नरेन्द्रदेव जोशीको छ ।

सौर्य ऊर्जा विस्तारका क्षेत्रमा व्यापार गरिरहेका कम्पनीका अनुसार सुदूरपश्चिमको पहाडी जिल्ला बझाङको स्याडी, देउलेक, सुनकुडा, खिरातडी, कफलसेरी, देउलीकोट र पिपलकोट गाविसमा मात्रै पाँच वर्षयता तीन हजारभन्दा बढी परिवारले सौर्य ऊर्जाबाट बिजुली बाल्न सुरु गरेका छन्। यस्तै, दार्चुलाको गोकुलेश्वर क्षेत्रमा रहेका दुई हजार एक सय परिवारमध्ये एक हजार तीन सय घरमा सौर्य ऊर्जा जडान गरेका छन्।

सरकारले वैकल्पिक ऊर्जा जडान गर्नेलाई अनुदान दिन थालेपछि सौर्य ऊर्जा जडान गर्नेहरू यसप्रति आकर्षित हुन थालेका हुन्। सरकारले सौर्य ऊर्जा प्रयोग गर्ने प्रत्येक परिवारलाई पाँचदेखि दस हजार रुपैयाँसम्म वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत अनुदान दिन थालेकोले पनि सौर्य ऊर्जाका प्रयोगकर्ता बढेका हुन्।

सौर्य ऊर्जा प्रयोगले यस क्षेत्रका बासिन्दाको जीवनशैलीमै परिवर्तन आएको छ। बझाङको स्याडीस्थित केदार माविका शिक्षक मुरलीधर अवस्थी सौर्य ऊर्जाको प्रयोगले दियालो र मट्टीतेलको टुकी बालेर किताब पढ्ने अवस्थाबाट मुक्ति पाएको बताउँछन्। गाउँमा भैंसी पालेर बसेका महिलाले घ्यू बेचेर आएको पैसाले पनि सौर्य ऊर्जाका प्यानलहरू जोडेको बझाङमा सौर्य ऊर्जा जडान गर्ने प्राविधिक गोपाल बोहोरा बताउँछन्। बझाङ स्याडी गाविसका पूर्वअध्यक्ष वीरजित बोहोरा त यतिसम्म भन्छन्, ‘बत्ती मात्र होइन सौर्य ऊर्जाबाट टेलिभिजन हेर्न पाउँदा गाउँबस्तीका बासिन्दालाई विश्व साँघुरिएको भर्खर महसुस हुन थालेको छ।’

सरकारी सहयोगले सौर्य ऊर्जाका प्रयोगकर्ता बढेपछि विद्युतीकरण नभएका सुदूरपश्चिमका विभिन्न ठाउँमा यतिबेला सौर्य ऊर्जा कम्पनीहरूले शाखा कार्यालयहरू स्थापना गरेर बिक्री-वितरण तीव्र पारेका छन्। दार्चुलामा दुईवटा, बैतडीमा ६ वटा, कैलालीमा पाँचवटा, कञ्चनपुरमा पाँचवटा गरी सुदूरपश्चिमका नौ जिल्लामा दुई दर्जनभन्दा बढी सौर्य ऊर्जा कम्पनीले काम गरिरहेका छन्। एक त विद्युत्को उत्पादन नै कम, त्यसमा पनि लाइन विस्तारमा कठिनाइ भएकाले सुदूरपश्चिमका पहाडी जिल्ला दार्चुला, बैतडी, डडेलधुरा, डोटी, अछाम, बाजुरा र बझाङका लागि सौर्य ऊर्जा एक सजिलो विकल्प भएको बिक्रेताहरू बताउँछन्।

विद्युतीकरण नभएका ठाउँमा वैकल्पिक ऊर्जाको प्रयोग बढाउन नेपाल सरकारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत अनुदानसमेत दिने गरेको छ। सुगम, दुर्गम र अति दुर्गम क्षेत्र गरेर तीन श्रेणीमा विभाजन गरी अनुदान दिने गरिएको छ। कम क्षमता भएका सौर्य ऊर्जा प्यानलका लागि एक घरपरिवारलाई क्रमशः पाँचदेखि सात हजारसम्म र बढी क्षमताको सौर्य ऊर्जा जडान गर्ने घरपरिवारका लागि ६ देखि दस हजारसम्मको अनुदान दिइने गरेको र यस्तो अनुदानस्वरूप दार्चुलामा मात्रै दुईवटा कम्पनीमार्फत पचास लाखभन्दा बढी खर्च भइसकेको वैकल्पिक प्रवर्द्धन ऊर्जा केन्द्रका इन्जिनियर भरतराज पौडेल बताउँछन्।

विद्युत्को विकल्पका रूपमा सौर्य ऊर्जा प्रयोग गरे पनि एक्लैले घरमा सौर्य पाता राख्न नसक्ने परिवार भने अझै सस्तो विकल्पको खोजीमा छन्। बैतडीस्थित सर्वोदय दिगो विकास समाजका अध्यक्ष कृष्णसिंह भण्डारी विद्युत्को विकल्पमा सौर्य ऊर्जाको प्रयोग भइरहे पनि आर्थिक अवस्था कमजोर भएकाहरूले भने अझै त्यस्तो ऊर्जा प्रयोग गर्न नसकी अँध्यारोमा बसिरहेको बताउँछन्। भण्डारीका अनुसार विश्व बैंकको सहयोगमा चलिरहेको बैतडीस्थित सर्वोदय दिगो विकास संस्थाले एघारवटा माइक्रो हाइड्रो बनाइसकेको र सोही संस्थाबाट सोलार जडान गर्ने उपभोक्ता मात्र दुई हजारभन्दा बढी रहेका छन्। साथै विद्युत्को विकल्पमा सुधारिएको घट्टबाट पनि बिजुली निकाल्ने कामसमेत भइरहेको कृष्णसिंह भण्डारीले बताए। बैतडीको कटौजपानी गाविसको बडियामा सुधारिएको घट्टबाट बिजुली निकाल्ने प्रयास भइरहेको छ।’

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

प्रकाशक

सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९/५५४६७१५
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक

**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@gmail.com


सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सञ्चारिका समूह